# ग्लुकोमा सोसाइटी अफ नेपाल

# को

# वार्षिक साधारण सभा

आज मिति २०८२/१२/२८ गतेका दिन दिनको २:०० बजे यस ग्लुकोमा सोसाइटी अफ नेपालको साधारण सभा डा. इन्दिरा पौड्यालको अध्यक्षतामा देहायको मिति, समय, स्थान तथा उपस्थितिमा बसी निम्न निर्णयहरू पारित गरियो ।

**सभाको सूचनाः**

आजको यस सभामा उपस्थित हुनका निमित्त सञ्चालक समितिको मिति २०८२।१२।१४ को बैठकको निर्णयानुसार सम्पूर्ण सदस्य महानुभावहरुलाई लिखित पत्राचार, मौखिक जानकारी तथा टेलिफोन/एस.एम.एस. मार्फत समेत सभाको सूचना जारी गरिएको थियो ।

**बैठकको गणपूरक संख्या**

संस्थाको विधान बमोजिम साधारण सभा बस्नको लागि आवश्यक गणपूरक संख्या पुगेको हुँदा आजको यस बैठकको काम कारवाही अगाडि बढाइयो ।

<u>उपस्थिती</u> : **साधारण सभाको उपस्थिती पुस्तिकाको छुट्टै व्यवस्था गरिएकोले सोही वमोजिम गरिएको**

<u>एजेन्डाहरु:</u>

क. संस्थाको आ.व. ०७६/०७७, आ.व. ०७७/०७८, आ.व. ०७८/०७९, आ.व. ०७९/०८०, आ.व. ०८०/०८१ , आ.व. ०८१/०८२ को लेखापरिक्षकककको प्रतिवेदन अनुमोदन
ख. संस्था नवीकरण
ग. संस्थाको आ.व. ०८२/०८३ को लेखा परिक्षक नियुक्ती तथा पारिश्रमिक निर्धारण
घ. संस्थाका सचिवको वार्षिक प्रतिवेदन तथा चालु वर्षको कार्यक्रम
ङ नयाँ कार्य समितिको चयन
च. विविध

<u>निर्णयहरु :</u>

क. विषयसूची नं. क मा उल्लेख भए बमोजिम यस संस्थाको आ.व. ०७६/०७७, आ.व. ०७७/०७८, आ.व. ०७८/०७९, आ.व. ०७९/०८०, आ.व. ०८०/०८१ , आ.व. ०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको आय व्यय विवरणे प्रतिवेदनलाई अनुमोदन गरी पारित गर्ने निर्णय गरियो ।

ख. विषयसूची नं. ख मा उल्लेख भए बमोजिम हरेक वर्ष गर्नु पर्ने नवीकरण प्राविधिक कारणले गर्न नसकिएकोले अवका वर्षमा कानुन वमोजिम गर्दै जाने प्रतिवद्धताका साथ एक पटकका लागि नवीकरण गरिदिन श्री जिल्ला प्रशासन कार्यालय काठमाण्डौलाई अनुरोध गर्ने निर्णय सर्वसम्मतीले गरियो साथै सो को लागि आवश्यक कार्य गर्ने जिम्मेवारी सोसाइटीका कर्मचारी श्री राजु के.सी.लाई दिने निर्णय समेत सर्वसम्मतीले गरियो ।

ग. विषयसूची नं. ग माथि छलफल हुँदा यस कम्पनीको आ.व.२०८२/०८३ को लेखापरीक्षण गर्नको लागि लेखा परीक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल हुँदा श्री रमेश प्रसाद अधिकारी एण्ड एशोसियट्सलाई नियुक्त गर्ने एवं निजको पारिश्रमिक आपसी सहमतिमा निर्धारण गर्ने निर्णय सर्वसम्मतीले गरियो ।

घ. विषयसूची नं.घ मा उल्लेख भएबमोजिम संस्थाका सचिव डा. डाकी शेर्पाले हालसम्म संस्थाको गतिविधि केहि नभएकोमा आगामी वर्षवाट संस्थाको उद्देश्य अनुरुपका कार्यहरु गर्दै जाने व्यहोरा सभामा व्यक्त गर्नुभएकोमा सर्वसम्मतीले सो प्रस्ताव पारित गरियो ।

ङ. विषयसूची नं. ङ. मा उल्लेख भएबमोजिम संस्थाको नयाँ कार्य समितिको चयनको लागि संस्थाको विधान बमोजिम कार्यसमिति गठनको प्रस्ताव पेश भएकोमा सर्वसम्मतीले निम्न वमोजिमको कार्य समिति चयन भएको व्यहोरा सभालाई जानकारी गराइयो :

| | |
|---|---|
| डा. इन्दिरा पौड्याल | अध्यक्ष |
| डा. नन्दा गुरुङ्ग | उपाध्यक्ष |
| डा. डाकी शेर्पा | सचिव |
| डा. नेयाज कौशर मिकानी | कोषाध्यक्ष |
| डा. रन्जित कुमार शाह | सदस्य |
| डा. प्रगती गौतम | सदस्य |
| डा. मिराज पोखरेल | सदस्य |
| डा. दिक्षा मल्ल | सदस्य |
| डा. रक्षा पन्त | सदस्य |

च. विषयसूची नं. च मा उल्लेख भएबमोजिम विविध शीर्षकमा आजको साधारण सभालाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै सभापतिज्यूले यो सभा यहि विसर्जन गर्नुभएको घोषणा गर्नुभयो ।